# तानसेन नगरपालिका
## प्रदेश नं. ५,
## तानसेन, पाल्पा
### साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावना आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०७६।६।१७

तानसेन नगरपालिकाको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमुलक उद्यमशील र मर्यादित कृषि व्यवसायको विकास गर्नका लागि कृषि तथा पशु विकास परियोजना सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका ईच्छुक गैरसरकारी संस्थाहरुवाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तपशिल वमोजिमका कागजातहरु सहित तानसेन नगरपालिकामा प्रस्तावनापत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**प्रस्तावना पेश गर्नका लागि तपशिलमा उल्लेखित क्षेत्रहरुमा कार्य अनुभव भएको हुनुपर्ने छ :**

१. संस्था स्थापना भई कम्तिमा ५ वर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभव हुनु पर्दछ।
२. स्वावलम्बन समूह गठन तथा सामाजिक परिचालनको माध्यमवाट सामाजिक पूँजी निर्माण सम्वन्धि काम गरेको हुनु पर्ने छ।
३. सामुदायिक विकास जिविकोपार्जन, महिला सशक्तीकरणको क्षेत्रमा काम गरेको हुनुपर्ने छ।
४. कृषि तथा पशुको उत्पादन, उत्पादकत्व तथा मूल्य श्रृङ्खलाको क्षेत्रमा काम गरेको हुनुपर्ने छ।
५. समुदायमा आधारित सहकारी संस्था मार्फत कृषि तथा पशुवस्तु उत्पादनको लागि आवश्यक सेवा तथा वजारीकरण प्रवर्द्धनमा काम गरेको हुनुपर्ने छ।
६. कृषि र पशु विकासका लागि आवश्यक दक्ष जनशक्ति भएको हुनुपर्ने छ।
७. कृषक पाठशाला र समुदायमा आधारित नश्ल सुधार सम्वन्धि काम गरेको हुनुपर्ने छ।
८. कृषि तथा पशु विकास संग सम्वन्धित स्रोत पुस्तीका, प्रसार प्रचार सामाग्री, वृतचित्र निर्माण तथा विकासमा काम गरेको हुनुपर्ने छ।
९. कृषि र पशु विकास सम्वन्धि संभाव्यता अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन सम्वन्धि काम गरेको हुनुपर्ने छ।
१०. नेपाल सरकारको विभिन्न निकायहरुसंग साझेदारी गरी काम गरेको अनुभव भएको हुनुपर्ने छ। लागत साझेदारी र प्राथमिकता कार्यक्रम संञ्चालन गर्न ईच्छुक संस्थाले परियोजना संग सम्बन्धित सञ्चालन खर्च जस्तै कर्मचारी तलव, भत्ता सुविधा, कार्यालय संञ्चालन र व्यवस्थापन, आदि आफैले व्यवस्थापन गर्नु पर्ने छ। संयुक्त उपक्रममा (Joint Venture) प्रस्तावना पेश गर्ने संस्थाहरुलाई प्राथमिकता दिइने छ। संस्थाले यो परियोजनाको लागि स्थानीय तहको केन्द्रमा कार्यालय स्थापना गरि कार्यक्रम सञ्चालन गर्नु पर्ने छ।

**प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

१. आधिकारिक निकायमा संस्था दर्ता, नविकरण प्रमाण पत्रको प्रतिलिपी १ प्रति।
२. आ.व. २०७५/०७६ को लेखापरीक्षणको प्रतिवेदन सहित दुई वर्षको लेखापरिक्षण प्रतिवेदन १/१ प्रति।
३. स्थायी लेखा नम्वर तथा आ.व. २०७५/०७६ का कर चुक्ता प्रमाण पत्र १/१ प्रति।
४. परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना तानसेन नगरपालिका साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्था कार्यविधि २०७६ को अनुसूची - १ बमोजिमको ढाँचामा अलग अलग खाममा शिलबन्दी गरिएको १/१ प्रति परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावनाको ढाँचा यस तानसेन नगरपालिकाको बैवसाइट (www.tansenmun.gov.np) बाट डाउनलोड गर्न सकिने छ।
५. संयुक्त उपक्रममा प्रस्तावनापत्र पेश गर्ने संस्थाहरु बिचको सम्वन्ध खुल्ने सम्झौत पत्रको सक्कल १ प्रति।
६. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति।

थप जानकारीको लागि सर्म्पक नं. ०७५५२०१०९,५२०९०९,५२०८९३

E-mail: info@tansenmun.gov.np/ito.tansenmun@gmail.com

गोपाल प्रसाद बगाले
प्रमुख प्रसासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत
तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय
पाल्पा

Scanned by CamScanner